नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको

महाप्रबन्धक नियुक्तिका लागि गठित सिफारिस समितिको दरखास्त आव्हान सम्बन्धी सूचना ।

प्रकाशित मितिः २०८०/६/१७

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको रिक्त महाप्रबन्धक पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्तिका लागि मिति २०८०/०२/१३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित दरखास्त आव्हानको सूचना सम्मानित उच्च अदालत, पाटनको मिति २०८०/०५/०६ को उत्प्रेषणको आदेशले बदर गरी उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको योग्यताका आधारमा पुनः दरखास्त आव्हान गरी उक्त औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको महाप्रबन्धक नियुक्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउनु भनी परमादेशको आदेश जारी भएको हुँदा मिति २०८०/०२/१३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित दरखास्त आव्हानको सूचना बमोजिम पर्न आएका दरखास्त रद्द गरी सम्मानित अदालतको परमादेशको आदेश बमोजिम सो पदमा नियुक्तिका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र (कार्यालय समयमा) मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरबार, काठमाडौंमा दरखास्त दिन सम्बन्धित सबैको जानकारीका लागि पुनः यो सूचना प्रकाशन गरिएको छ ।

१. योग्यता तथा अनुभवः

(क) दरखास्त दिने अन्तिम मितिसम्म उमेर ३५ वर्ष पुगेको र ६५ वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट औद्योगिक क्षेत्रसँग सम्बन्धित विषय वा प्रशासन, व्यवस्थापन, अर्थशास्त्र, इन्जिनियरिङ्ग वा कानूनमा स्नातकोत्तर गरेको र कुनै संस्था वा निकायको व्यवस्थापकीय जिम्मेवारीको पदमा कम्तीमा पाँच बर्षको अनुभव प्राप्त गरेको ।

(ग) उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय सम्वद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको ।

(घ) प्रचलित कानूनले अयोग्य नभएको ।

२. निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:

(क) दरखास्तसाथ यस मन्त्रालयको वेवसाइट www.moics.gov.np मा प्रकाशित उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय सम्वद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी

निर्देशिका, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा दुई प्रति पासपोर्ट साइजको फोटो, मन्त्रालयको वेवसाइटमा रहेको नमूना बमोजिमको स्वघोषणा फाराम, वैयक्तिक विवरण तथा शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, र सम्वन्धित निकायवाट प्रमाणित अनुभव खुल्ने कागजातका प्रतिलिपीहरुलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ख) अनुभवको विवरण पेश गर्दा काम गरेको संस्थाको नाम, काम गरेको कूल समयावधि (वर्ष, महिना, दिन समेत) खुलाई स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

(ग) दरखास्तसाथ उम्मेदवारले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड सञ्चालनका लागि बढीमा पाँच हजार शब्दको व्यावसायिक कार्ययोजना २ (दुई) प्रति एउटै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ ।व्यावासायिक कार्ययोजना A4 साइजको सादा सेतो कागजमा एकापट्टि मात्र टाइप गरिएको हुनुपर्ने छ । व्यावासायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामा लेख्न सकिनेछ ।कार्ययोजनाको अग्रपृष्ठ (Cover Page) मा वाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाइने छैन ।

३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तरवार्ताः

दरखास्त स्वीकृत भई छनौट सूचीमा परेका उम्मेदवारले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना प्रस्तुति तथा अन्तरवार्ताको लागि तोकिएको स्थान, मिति र समयमा सहभागी हुनुपर्नेछ ।

४. दरखास्त दस्तुरः

दरखास्त दस्तुरबापत यस मन्त्रालयको कार्यालय कोड नं.३०७००३५०१ राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लि. सिंहदरवार शाखामा रु.५०००/- (अक्षरुपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. पारिश्रमिक अन्य सुविधाः

प्रचलित कानून बमोजिम हुनेछ ।

६. अन्य विवरणः

(क) यो सूचना बमोजिम रित नपुगी दर्ता हुन आएका दरखास्त सिफारिस समितिवाट अस्वीकृत हुनेछ ।

(ख) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा दरखास्तसाथ कार्यरत निकायवाट स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(घ) मन्त्रालयको मिति २०८०/०२/१३ को सूचना बमोजिम दरखास्त पेश गरेका आवेदकले आफूले पेश गरेको दरखास्त मन्त्रालय समक्ष निवेदन दिई फिर्ता लिनु पर्नेछ।

(ङ) यस सूचना बमोजिम पुनः दरखास्त पेश गर्ने आवेदकले दरखास्तसाथ यस अघि पेश गरेको रु. ५०००/-(अक्षेरुपी पाँचहजार) को राजस्व दाखिलाको सक्कल भौचर प्रयोग गर्न सक्नेछन् ।साथै दरखास्त पेश नगर्ने आवेदकले दरखास्त दस्तुर बापत बुझाएको रकम फिर्ता लिनको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(च) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको महाप्रबन्धक पदका उम्मेदवारले आवेदन फारामसाथ पेश गर्नु पर्ने

<u>स्व:घोषणा फाराम</u>

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने खन्य फौजदारी कसूरमा अभियोग नलागेको वा सजाय नपाएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत सरकारी बेरुजु बाँकी नरहेको, |
| ४. | प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा भएको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि निजी स्वार्थ नभएको । |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको तथा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको। |

यसमा लेखिएको व्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु ।

उम्मेदवारको नाम थरः

दस्तखतः

मितिः